नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)

आयोजना व्यवस्थापन कार्यालय
इटहरी, सुनसरी

## पूरक अनुदानका लागि आशयपत्र/प्रस्ताव आह्वान

**प्रथम पटक प्रकाशन मिति : २०७७/०४/१६**

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना समृद्धिको आर्थिक वर्ष ०७७/७८ को लागि आपूर्ति श्रृंखला विकासमा सहकार्य गर्न इच्छुक उत्पादक समूह, सहकारी, निजी प्राविधिक सेवा प्रदायक तथा व्यापारिक कृषि व्यवसायी एवं प्रशोधनकर्ताहरु बाट समृद्धि कोष अन्तर्गत पूरक अनुदानका लागि आयोजनाको कार्यक्षेत्र प्रदेश नम्बर १ को कोशी सगरमाथा करिडोर कार्यालय र प्रदेश नम्बर २ तथा बागमती प्रदेशको जनकपुर करिडोर कार्यालय अर्न्तगतका १६ जिल्ला भित्रका आयोजनाको प्राथमिकतामा परेका वस्तुहरु माछा, दुध, हरियो तरकारी, सुगन्धित तेल र खसी बोका (Fish, Milk, Green Vegetables, MAPs and Goat) आयोजनाले सूचिकृत गरेका उत्पादन पकेट क्षेत्रहरुमा देहायका वस्तुहरुको आपूर्ति श्रृंखला प्रवर्द्धनको लागि सह-लगानी गर्न इच्छुक आवेदकहरुबाट आयोजनाले निदृष्ट गरेको ढाँचामा प्रस्ताव आशय-पत्र/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ ।

**क) आशय-पत्र/प्रस्तावका लागि वर्गीकृत Window हरू :**

| क्र. सं. | क्षेत्रहरू | Window-1: उत्पादक समूह/सहकारीहरूका लागि | Window-SP : निजी प्राविधिक सेवा प्रदायकहरूको लागि | Window-2: साना तथा मझौला कृषि व्यवसायीहरूका लागि | Window-3: ठूला कृषि व्यवसायीहरू वा कम्पनीहरूका लागि |
|---|---|---|---|---|---|
| १ | लगानीका क्षेत्रहरू | उत्पादन, उत्पादकत्वमा वृद्धि, उन्नत प्रविधि एवं औजार र क्षमता विकाससँग सम्बन्धित योजनाहरू । | प्राविधिक सेवा प्रवाह एवम् विक्री प्रवर्द्धनका लागि आवश्यक प्रविधि, औजार उपकरण आदि । | उत्पादन-उपरान्त (Post-harvest) का कार्यहरू जस्तै: संकलन, भण्डारण, प्रशोधन र व्यापार प्रवर्द्धन/ बजारीकरण तथा गुणस्तर वृद्धि-सहयोगी कार्यहरू । | |
| २ | आवेदकको न्यूनतम योग्यता **ToR** मा उल्लेख भए बमोजिम हुने । | | | | |
| ३ | अनुदान सिमा | कूल लगानी रकमको ३०% वा पहाडमा बढीमा रू. ९ लाखसम्म र तराईमा रू. ८ लाख सम्म । | कूल लगानी रकमको ३०% वा बढीमा रू. १ लाख ५० हजार सम्म । | कूल लगानी रकमको ३०% वा बढीमा रू. १५ लाख सम्म । | कुल लगानी रकमको ३०% वा बढीमा रू. १ करोड सम्म । |
| ४ | लाभान्वित किसान संख्या | कम्तिमा २५ जना कृषक आवद्ध समूह वा सहकारी | कम्तिमा १५० जना कृषकहरूलाई सेवा पुऱ्याउनु पर्ने । | कम्तिमा १०० जना कृषकहरूका उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । | न्यूनतम ३३० जना कृषकहरूको उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । |

**ख) Window-1 अन्तर्गत खुला लगानी (Unlocking Investment):**

| क्षेत्रहरू | विवरण |
|---|---|
| आवेदकको न्युनतम योग्यता | आयोजनाले सूचीकृत गरेका उत्पादन क्लस्टर/पकेट क्षेत्रभित्र रहेको एक वा एक भन्दा बढी समूह वा सहकारीहरूले संयुक्त प्रस्ताव पेश गर्न पाउनेछन् । यस खुला लगानी क्षेत्रका लागि Window-1 मा प्रस्ताव पेश गर्ने समूह वा सहकारीले पनि प्रस्ताव पेश गर्न पाउनेछन् । |
| लगानीका लागि सम्भावित क्षेत्रहरू | सामूहिक लाभका क्षेत्रहरू जस्तै: साना सिंचाइका लागि कुलो, सिंचाई पोखरी, इनार, बोरिङ्ग, सोलार लिफ्ट सिंचाई, डिपिङ टैंक आदि), दुध सङ्कलनका लागि चिस्यान केन्द्र, माछा सङ्कलनको लागि सङ्कलन केन्द्र आदि । |
| अनुदानको सिमा र योग्यता | माथि उल्लेखित सामूहिक लाभका क्षेत्रहरूका लागि आवश्यक स्थीर र चालु खर्चहरूको कुल रकमको ५० प्रतिशत वा बढीमा रू. ५ लाखसम्म मात्र । आवेदकको योग्यता उत्पादक समूहका लागि माग गरिएको योग्यता अनुसार हुनु पर्नेछ । |
| लाभान्वित घरपरिवार संख्या | उत्पादक समूह वा सहकारीमा कम्तिमा २५ किसान घरपरिवार आवद्ध । |

आशय-पत्र/प्रस्ताव दर्ता गर्ने अन्तिम **मिति २०७७/०५/०७** गते आइतबार सम्म रहनेछ । दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा भए सोको भोलिपल्ट सम्म दर्ता गरिनेछ । प्रस्तावना ढाँचा र ToR यस आयोजनाको वेबसाइट rerp.moi.gov.np मा उपलब्ध छ । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोजनामा अन्तर्निहित हुनेछ । विस्तृत जानकारीका लागि आयोजनाको वेबसाइट हेर्न अनुरोध छ ।

**नोटः**

(१) कुनै उत्पादक समूहले माथि उल्लेखित कुनै एक आपूर्ति श्रृंखलामा मात्र प्रस्ताव पेश गर्न सक्नेछन् भने एक सहकारीले कुनै एक आपुर्ति श्रृंखला अर्न्तगत एक भन्दा अधिक उत्पादक समुहहरुसँग मिलेर विभिन्न समुहहरुका लागि छुटा छुटै Window-1 र खुला लगानीका लागि प्रस्ताव पेश गर्न सकिनेछ । खसी बोका आपूर्ति श्रृंखलातर्फ हाल प्रदेश नं. १ सम्बद्ध जिल्लाहरुका लागि मात्र आवेदन माग गरिएको छ । आपूर्ति श्रृंखला सम्बद्ध सुचिकृत लगानीका क्षेत्र एवम् आवेदनका लागि योग्य उत्पादन क्लस्टरहरूको सूची आयोजनाको वेबसाईट rerp.moi.gov.np अन्तर्गत ToR मा समाविष्ट छ । ToR मा उल्लेखित स्थानीय तह तथा क्लस्टरहरू बाहेक सर्लाही र रौतहट जिल्लाका विभिन्न स्थानीय तहहरूमा सञ्चालित JP-RWEE/IFAD द्वारा प्रवर्द्धित GALS कार्यक्रमसँग सम्बद्ध समूहहरूले Window -1 तथा खुला लगानी (Unlocking) अन्तर्गत आवेदन पेश गर्न सकिनेछ । Window-2/Window-3 को हकमा यस पूर्व आयोजनामा EOI पेश गरिसकेको भए पुनः EOI पेश गर्नुपर्ने छैन ।